# जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक

## चौतारा

## ३ नं. प्रदेश, नेपाल

जिल्ला समन्वय समिति सिन्धुपाल्चोक २०७३

पत्र संख्या : ०७३/७४

चलानी नं.: ५२

मिति : २०७३/१२/०१

विषय : क्रसर उद्योग सम्बन्धमा ।

**श्री चौतारा साँगाचोकगढी नगरपालिका कार्यालय**

**चौतारा, सिन्धुपाल्चोक ।**

**श्री मेलम्ची नगरपालिका कार्यालय**

**मेलम्ची, सिन्धुपाल्चोक ।**

**श्री बाह्रविसे नगरपालिका कार्यालय**

**बाह्रविसे, सिन्धुपाल्चोक ।**

**श्री गाउँपालिकाको कार्यालय**

**सिन्धुपाल्चोक (९ वटै)**

प्रस्तुत विषयमा तहाँ न.पा./गा.पा. क्षेत्र भित्र (हाल कायम समेत) विभिन्न कम्पनीका नाममा ईन्द्रावती तथा सुनकोशी नदी आसपास क्षेत्रमा क्रसर उद्योग संचालन भैरहेको अवगत नै छ । उक्त क्रसर उद्योग संचालन गर्दा वातावरणीय प्रदुषण भै रहेको र मापदण्ड पालना नगरेको भन्ने व्यापक जनगुनासो आएकोले निम्न अनुसार नियम कानून भित्र रहेर संचालन भए नभएको बारे सम्बन्धित न.पा./ गा.पा.ले आफ्नो क्षेत्र भित्र हेर्ने र सो को जानकारी नियमित रुपमा सम्बन्धित सरोकारवाला विषयगत कार्यालयलाई पठाउँनुहुन अनुरोध छ ।

तपशिल

(१) उद्योग संचालन गर्दा सम्बन्धित निकायबाट अनुमति लिए/नलिएको अवस्था ।

(२) समयमा नवीरकण भए/नभएको अवस्था ।

(३) नेपाल सरकारलाई बुझाउँनुपर्ने शुल्क, दस्तुर, राजस्व समयमा नै भुक्तानी गरेको/नगरेको अवस्था ।

(४) वातावरण सम्बन्धि तोकिएको मापदण्ड पालना गरेको/नगरेको अवस्था ।

(५) अन्य तहाँसंग सम्बन्धित कानून पालना गरे/नगरेको बारे ।

.................................

(कृष्ण बहादुर शाही)

स्थानीय विकास अधिकारी

बोधार्थ :

श्री जिल्ला प्रशासन कार्यालय

चौतारा, सिन्धुपाल्चोक ।